नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ, पर्सा ।

## कार्यक्रममा सहभागि हुन सूचीकृत हुने सम्बन्धि सूचना ।

**सूचना नं.:- ०१**

**प्रथम पटक सूचना प्रकाशन मिति: २०७९/०४/२९**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, पर्सा अन्तर्गत धान जोन लागु भएका कार्यक्षेत्रहरु पर्सागढी न.पा. को वडा नं. १,२, ३ र ४, सखुवा प्रसौनी गा.पा. को वडा नं. १, २ र ३, पटेर्वा सुगौली गा.पा. को वडा नं. १, २ र ३, जीराभवानी गा.पा. को वडा नं. १, ४ र ५ तथा ठोरी गा.पा. को वडा नं. ३, ४ र ५ भित्रका **हालसम्म यस एकाइमा सूचीकृत नभएका** इच्छुक **कृषक समूह/ कृषि सहकारी/जल उपभोक्ता समिति/कृषि उद्यमीहरु** आ.व.२०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसारको सम्बन्धित बालीको ब्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रममा सहभागी हुनका लागि तपसिल बमोजिमका कागजातहरुका साथ यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र अर्थात मिति २०७९/०५/२७ गते कार्यालय समय भित्र परियोजना कार्यान्वयन एकाइ, पर्सामा सूचीकृत हुनका लागि निवेदन पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचीकृत नभएका संस्थाहरुलाई यस एकाइ मार्फत सञ्चालन हुने धान जोन विकास कार्यक्रम अन्तर्गतको कुनै पनि कार्यक्रममा सहभागि गराईने छैन ।

**तपसिल:**

१ कार्यक्रममा सहभागिताका लागि रु.१० को टिकट टाँस गरिएको सूचीकृत हुने बारेको निवेदन ।
२ संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि (नविकरण सहित) ।
३ यस एकाइमा सूचीकृत हुनका लागि निवेदन दिने सम्बन्धमा आवेदक संस्थाको कार्य/सञ्चालक समितिले गरेको निर्णयको प्रतिलिपि ।
४ आवेदक संस्थाका अख्तियार प्राप्त व्यक्तिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।
५ आवेदक संस्थाको स्थायी लेखा नं. (PAN) को प्रतिलिपि ।
६ आवेदक संस्थाले कर चुक्ता गरेको अद्यावधिक प्रमाण पत्र को प्रतिलिपी ।

*थप अन्य कुनै जानकारीको लागि परियोजना कार्यान्विन एकाइ, पर्सा वा मोबाइल नं. ९८६०३२३१९९ (दीपेन्द्र प्रसाद चौधरी) वा मोबाइल नं. ९८६५१९३१७९ (रिफान चौधरी) मा सम्पर्क गर्न सकिनेछ ।*

.....................................
**बरिष्ठ कृषि अधिकृत**